नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# Sedan Car (Petrol) खरिद गर्ने बारेको बोलपत्र आह्वानको सूचना

**IFB No. MoHA/G/NCB/75-76/04**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०१/२६ गते

यस मन्त्रालयलाई आ.व. २०७५/०७६ को लागि आवश्यक पर्ने Sedan Car (Petrol) EGP System माध्यमबाट बोलपत्र आव्हान गरी खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। देहाय अनुसार इजाजत प्राप्त इच्छुक उत्पादनकर्ता, सोल, एजेण्ट तथा डिलर फर्महरुबाट बोलपत्र EGP System मा पेश गर्न सकिनेछ।

१. EGP System मा भाग लिने बोलपत्रदाताहरुको लागि यस मन्त्रालयको moha.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल bolpatra.gov.np/egp बाट सवारी साधन खरिद सम्बन्धी EGP System को कार्य गरिने छ। उक्त वेभमा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताले सवारी साधन खरिद सम्बन्धी बोलपत्रमा भाग लिन सक्ने छ।

२. कारणबस बोलपत्र खोल्ने दिन बिदा परेमा बिदापछि कार्यालय खुलेको दिनमा क्रमशः सोही समयमा बोलपत्र सम्बन्धी कार्य EGP System बाट गरिनेछ।

३. EGP System मा भाग लिन चाहने बोलपत्रदाताले एभरेस्ट बैंक लिमिटेड को तल उल्लेख भए अनुसारको राजश्व खातामा सूचनामा उल्लेखित बोलपत्र बापतको रकम दाखिला गरेको भौचर, व्यावसायदर्ता इजाजत पत्र, मू.अ.क तथा आयकर दर्ता प्रमाणपत्र, आ.ब. २०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्र वा सो अबधिको कर विवरण पेश गरेको प्रमाणित कागजातको प्रतिलिपी, सप्लाई गरिने सवारी साधन बिक्री गर्ने सम्बन्धित निर्माता कम्पनिबाट प्राप्त प्रमाणपत्रहरुको Scanning Copy समेत सूचना प्रकाशित भएको दिनदेखि एकतिसौं दिन मिति २०७६/०२/२४ गते दिनको १२ बजे भित्र उल्लेखित वेभमा EGP System मा राखी सक्नुपर्ने छ।

राजश्व बापत दाखिल गर्नुपर्नेः

- बैंकको नामः Everest Bank Limited
- रकम दाखिला हुने कार्यालयको नामःगृह मन्त्रालय, सिंहदरबार काठमाडौं
- कार्यालयको कोड नंः२७-३१४-२५
- खाता नं: ००१००१०६२००००००
- राजश्व शिर्षकः१४२२७

४. बोलपत्रमा उल्लेख भएअनुसारका सवारी साधनहरु सम्झौता भएको १५ दिन सम्ममा गृह मन्त्रालयमा दाखिला गरी सक्नुपर्नेछ।

५. बोलपत्रदाताले दिने सवारी साधनको मूल्य, मूल्य अभिवृध्दि कर बाहेकको रकम बोलपत्र फारममा अंक र अक्षरमा स्पष्ट लेखी बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको पदाधिकारीले सहीछाप गरी आवश्यक कागजात र बोलपत्र जमानत बापत सूचनामा उल्लेखित रकम माथि उल्लेखित बैंक को खाता नं. ००१००१०६२०००००० रकम जम्मा गरेको बैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको यस

कार्यालयको पक्षमा जारी भएको मान्यता प्राप्त बैंकको विड बोण्ड (बैंक जमानी पत्र) समेतका आवश्यक कागजातपत्रहरुको वेभमा Scanning Copy का साथ EGP System मा पेश गर्नुपर्नेछ ।

६. बोलपत्रदाता आधिकारिक सोल एजेण्ट तथा डिलर बोलपत्रदाताका सम्बन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैंले एजेन्सी सम्बन्धी वा डिलरशीप सम्बन्धीआधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ र सो पत्रको Scanning Copy का साथ EGP System मा संलग्न गर्नुपर्ने छ।

७. EGP System मा दररेट अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

८. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा घोषणा पेश गर्नुपर्नेछ ।

९. रीत नपुगी वा बोलपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको विधुतीय बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०.प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

११.दर्ता भएका बोलपत्रहरुमा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राह्य भएका बोलपत्रहरुबाट मात्र छनोट गरिनेछ ।

१२.यस सूचनामा र बोलपत्र फारामको उल्लेखित शर्तमा कुनै कुरा बाझिन गएमा बोलपत्र फारामको शर्तलाई मान्यता दिईनेछ ।

१३.बोलपत्रसाथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पब्लिकबाट प्रमाणित गरी Web मा Scanning Copy का साथ पेश गर्नुपर्नेछ।

१४.यस सम्बन्धी थप बुझ्नू परेमा यस कार्यालयको कार्यालय व्यवस्थापन तथा जिन्सी शाखामा सम्पर्क राख्नुहुन सूचित गरिन्छ। अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।

१५.सवारी साधनहरु चेकजाँच गराई यस कार्यालयसम्म ढुवानी गर्ने दायित्व आपुर्तिकर्ताको हुनेछ।

| ठेक्का नं. | खरिद विवरण | खरिदको प्रकार | बोलपत्र दस्तुर (रु.) | विड जमानत रकम (रु.) |
|---|---|---|---|---|
| MoHA/G/NCB/75-76/04 | Sedan Car {Petrol} | बोलपत्र | ३००० | १९,३३,७५० |